# अर्थ सवाल

Artha Sawal Weekly

साप्ताहिक

वर्ष ८, अंक १५, २०८० कात्तिक १६ गते बिहीबार (2 November 2023 Thursday) मूल्य रू. १०/-


## शिवम् सिमेन्टका अग्रवाल सम्मानित



काठमाडौं । शिवम् सिमेन्टका भी.पी. (सेल्स एण्ड मार्केटिङ) निखिल अग्रवाल सम्मानित भएका छन्। अग्रवाल शिवम् सिमेन्टको स्थापना काल देखिनै निरन्तर कार्यरत छन् । ब्राण्डमेन इन्डिया विआर एण्ड प्रोमोशनद्वारा आयोजित अवार्ड कार्यक्रममा उनी सम्मानित भएका हुन् ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका औद्योगिक क्षेत्रहरुलाई प्रोत्साहन गर्ने, अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने, विभिन्न उद्योगहरुमा नेतृत्व गर्ने कर्मचारी तथा व्यवस्थापक छनौट गरी पुरस्कार वितरण गर्ने तथा अन्तर्राष्ट्रिय

बाँकी पृष्ठ ७

### अर्थतन्त्रको कालो बादल अरू मँडारिँदै आयात तीव्र गतिमा बढ्दा, निर्यात खुम्चँदै

# विकास खर्चभन्दा ऋणको साँवा ब्याज तिर्ने रकम बढी




यादव देवकोटा/अर्थ सवाल साप्ताहिक

काठमाडौं । मुलुकको आर्थिक अवस्थाको पछिल्लो चित्र हालै सार्वजनिक भएको एसियाकै सबैभन्दा गरीब मुलुकहरुको सूचीमा नेपाल पर्नुबाटै देखिएको छ । सरकारमा बस्नेहरुले अर्थतन्त्र सुधारको बाटोमा गएको र आत्तिनु पर्ने अवस्था नरहेको जति नै बताइरहे पनि पछिल्लो प्रतिवेदन र दशैंले यो सब झूठो रहेको पनि देखाइदियो । सरकारको दावीलाई पूरै गलत सावित गर्ने गरी दशैंलगत्तै दुई तथ्यांक सार्वजनिक भयो । पहिलो हो व्यापारघाटा र दोस्रो ऋणको सावाँ तथा ब्याज तिर्न खर्च भएको रकम पूँजीगत (विकास बजेट)भन्दा बढी हुनु ।

भन्सार विभागले गत आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको तेस्रो महिनाको वैदेशिक व्यापारको तथ्यांकले डरलाग्दो अवस्था देखाएको छ । यस अवधिमा रु चार खर्ब सात अर्ब ७५ करोड ८९ लाख बराबरको माल वस्तुको आयात भएको छ भने करिब ४१ अर्ब रुपैयाँको निर्यात भएको छ । सो तथ्यांकअनुसार असोज मसान्तसम्म नेपालको व्यापार घाटा रु तीन खर्ब ६६ अर्ब ८८ करोड बराबर रहेको छ । गत वर्षको सोही अवधिमा रु तीन खर्ब ५९ अर्ब १७ करोड बराबरको व्यापार घाटा भएको थियो ।

बाँकी पृष्ठ ७

## तिहारमा भारतबाट सयपत्री फूल माला ल्याउन नपाइने



काठमाडौं । सरकारले तिहार लक्षित भारतीय सयपत्री फूलको मालाको आयातमा प्रतिबन्ध लगाएको छ । आन्तरिक उत्पादनले माग माग धान्न सक्ने भएकाले सयपत्री फूलको माला आयातमा प्रतिबन्ध लगाएको हो । बागमती प्रदेश सरकार अन्तर्गत पुष्प विकास केन्द्र गोदावरी ललितपुरले एक सूचना जारी गर्दै तिहारको लागि स्वदेशी उत्पादनले आन्तरिक माग धान्न सक्ने भएकाले कार्तिक १ गतेदेखि नै लागू गरी सयपत्री मालाको आयातमा रोक लगाइएको हो । अर्को निर्णय नभएसम्म भारतीय सयपत्री माला ल्याउन नपाइने सूचनामा उल्लेख छ ।

तिहारमा अत्यधिक मात्रामा सयपत्री फुलको मालाको माग हुन्छ । यस वर्ष स्वदेशी उत्पादनले आन्तरिक माग धान्न सक्ने भएकोले भारतीय सयपत्री मालाको आयात अनुमतिपत्रको सिफारिस जारी गर्ने कार्य बन्द गरिएको पुष्प विकास केन्द्रको जारी सूचनामा उल्लेख छ ।







**अर्थ सवाल साप्ताहिकका लागि:**

सल्लाहकार सम्पादक : यादव देवकोटा
Advisor Editor : Yadab Devkota
सम्पादक/प्रकाशक : रमेश कुमार बोहोरा (९८५१०८४३५२)
Editor/Publisher : Ramesh Kumar Bohora
कार्यकारी सम्पादक : अशोक शिवाकोटी (९८४१८००६३३)
Executive Editor : Ashok Shiwakoti
सह-सम्पादक : योगेन्द्र चौलागाई (९८४१२६३३०२)
Sub-Editor : Yogendra Chaulagain
व्यवस्थापक : राजेन्द्र थापामगर
Manager : Rajendra Thapa Magar
कानूनी सल्लाहकार : अधिवक्ता विष्णु गिरी (९८५१०२५२३१)
संवाददाता : अंकध्वज मोते, पवित्रा बजगाई, निता कुइँकेल
प्रेस : सप्तर्षि पब्लिकेशन प्रा.लि., चावहिल

**कार्यालय :**
काठमाडौं. महानगरपालिका वडा नं. २९ अनामनगर, काठमाडौं
E-mail : arthasawalweekly@gmail.com


## सम्पादकीय

# जनजीविका कष्टकर, शासक बेखबर

नेपाली जनताको दैनिकी दिन प्रतिदिन कष्टकर बन्दै गए पनि शासकहरू यसप्रति बेखर जस्तै बनेर आफ्नो दुनो सोझ्याउने मेसोमा मात्रै छन् । जताततै राजनीतिको दाह्रा–नङ्ग्रा गाडेर समाजलाई तहसनहस पार्ने र आफ्ना राजनीतिक शक्ति आर्जन भएको भ्रममा 'मुत्रन्यानो'मा रमाउने प्रवृत्ति शासक र राजनीतिक दलहरूमा देखिएको छ । दशैंको मुखमा भएको गैरआवासीय नेपाली संघको ११ औं महाधिवेशनमा जेजस्ता दृश्य देखिए दलहरूले जेजस्तो कदम चाले यसले समाज भत्काउन दलहरू नै अग्रसर हुने गरेको देखियो । दलीय स्वार्थका लागि देश र जनताको अपेक्षा, आकांक्षा र आफ्नो जिम्मेवारी नै बिर्सने परिपाटीले गर्दा आम जनतामा व्यापक निराशा मात्र छाएको छैन कि दैनिक गुजारा नै कष्टकर बन्दै गएको छ । यसपटक दशैंमा समेत आम जनतामा उत्साह देखिएन । बजार अघिल्लो समयको तुलनामा निकै सुस्त रह्यो । व्यापारीहरू ४० प्रतिशत मात्र व्यापार भएको गुनासो गर्दै थिए । विगतमा सिंगो खसी किन्ने जनता यसपटक ३–४ किलो मासुमा झरे । यति मात्र होइन एक किलो चिनीका लागि घण्टौ लाइन बसे भने सागसब्जीको मूल्यवृद्धिले आकाश छोयो । तर, सरकारले सबै नदेखेझैं गऱ्यो । जनतालाई राहत दिने नाममा केही दर्जन 'सुपथ मूल्य पसल' खोलेर झारा टार्नेबाहेक केही भएन ।

सरकारको पहिलो कर्तव्य देश र जनताको हितमा काम गर्नु हो । तर, नेपालको सरकार कसको हितमा काम गरिरहेछ भन्ने बुझ्नै नसकिने भएको छ । सरकार केवल आफ्नो सुरक्षा, सम्पत्ति र शक्ति तथा दलीय प्रभाव विस्तारका लागि मात्र एकोहोरिने प्रवृत्तिले गर्दा जनताले चाहेको सुव्यवस्थित राज्यसत्ता, सेवाप्रदायक निकायहरूबाट सरल र सहज ढंगको सेवा, दैनिक जीवनमा आवश्यक पर्ने अत्यावश्यक बस्तुहरूको सरल प्राप्ति 'मृगतृष्णा' मात्र भएको छ । शिक्षा, स्वास्थ्य जस्ता विषय सहज होस् भन्ने जनताले चहेका पनि छैनन्, किनभने यो क्षेत्र पूर्णतः व्यापारीकरण भैसकेको छ । जनताले चहेको दुईछाक सहज तरिकाले खान पाइयोस्, आफ्नो उत्पादनले राम्रो बजार पाओस् भन्ने हो । तर, मुलुकमा यो नै सबैभन्दा दुर्लभ पक्ष बनेको छ । यसको प्रत्यक्ष दर्शन यसपटको दशैंको बेला गर्न पाइयो । जनतामा घट्दो क्रयशक्तिको मार यति पऱ्यो कि खसी–बोकाको निर्धारित मूल्य नै घटाउँदा पनि विक्री भएन । हिमाली क्षेत्रबाट विक्रीका ल्याइएका च्याङ्ग्रा बजार अभावमा बिच बाटोबाटै फर्काइएका दृश्य पनि देखिए । नेपाली जनताको प्रतिव्यक्ति खर्च क्षमता एसियामै सबभन्दा कमजोर रहेको कुरा दशैंकै बेला सार्वजनिक भयो । आर्थिक अवस्थामा दैनिक कमजोर बन्दै गएको मुलुकलाई स्थायित्व दिने सवालमा कोही कसैको कुनै चासो र चिन्ता छैन ।

दशैंले बजारलाई चलायमान बनाउने विगतको तथ्य र अपेक्षा यसपटक पूरा भएन । यसपटक कोभिड–१९ ताकाकोभन्दा नाजुक अवस्था रह्यो । जनतामा खर्च गर्ने क्षमता नै नभएपछि चाडपर्वमा उल्लास छाउने कुरै भएन र यसले मुलुक दैनिक रूपमा आर्थिक मन्दीको बाटोतिर धकेलिइरहेको वास्तविकतालाई उजागर गरेको छ । तर, रेमिट्यान्सले जम्मा भएको रकमले आयात धान्ने भन्दै सिंहदरबारको घुम्ने कुर्सीमा घुरेर शासन गर्नेहरूले जनताले भोगिरहेको कष्टप्रति निर्दयी बनेर जसरी बेखबर जस्तै बनेका छन्, यसले आम जनतामा घोर निराशा बढाएको छ ।

# देशको अवस्था खस्कँदो, तर बन्ने विकसित मुलुक



डा. केशव देवकोटा

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले हालैको नेपाल भ्रमणका क्रममा नेपालले अल्पविकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुन गरेका प्रयास प्रशंसायोग्य रहेको बताउनु भएपछि यसले बिशेष चर्चा पाएको छ । सन् २०२१ को असोजमा भएको संयुक्त राष्ट्रसंघको ७६ औं महासभाको ४० औं पूर्ण बैठकले नेपाललाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो । जतिबेला नेपालमा नेकां नेतृत्वको माओवादी केन्द्रसहितको सरकार थियो । अब नेपाल सन् २०२६ बाट विकासशील मुलुकमा स्तरोन्नति हुने भनिएको छ । संयुक्त राष्ट्रसंघको ७६ औं महासभाले नेपाललाई विकासशील मुलुकमा स्तरोन्नति गर्ने प्रस्ताव पारित गरेपनि सोही सभामा नेपालले मुख्यत चारवटा एजेण्डाहरु उठाएको थियो ।

महासभामा नेपालले आफूलाई अल्पविकसितबाट माथि उठ्न अझैपनि ठुलो मात्रामा अन्तर्राष्ट्रिय सहयोगको खाँचो रहेको औंल्याउँदै वैदेशिक सहयोग बढाउने, ऋण लिँदा झेल्नुपरेका अप्ठ्यारा प्रावधानहरुमा सहजीकरणगर्ने लगायत विषयमा आग्रह गरेको थियो । नेपालले महासभामा प्रत्यक्ष वैदेशिक लगानी बढाउनुपर्ने, व्यापारका लागि थप सहायता आवश्यक रहेको, अल्पविकसित राष्ट्रले ऋण लिन खोज्दा अझैपनि अप्ठ्यारा रहेकाले त्यस्ता प्रावधानलाई सरलीकरण गर्नुपर्ने, जलवायु परिवर्तन, वित्त र प्रविधि हस्तान्तरणको मात्रा बढ्नुपर्नेजस्ता कुराहरु उठाएको थियो । संयुक्त राष्ट्रसंघको विकास नीति समिति (सिडिपी)ले नेपाललाई अतिकम विकसित मुलुक (एलडिसी)बाट विकासशील मुलुकमा स्तरोन्नतिका लागि सिफारिस गरेको हो । सिडिपीले नेपाललाई पाँच वर्ष अर्थात सन् २०२६ सम्मको तयारीको समय दिई स्तरोन्नतिको सिफारिस गरेको थियो ।

हरेक तीन बर्षमा मूल्यांकन गर्ने नीतिअनुरुप नेपाल सन् २०१५ र २०१८ मा भएको समीक्षामा स्तरोन्नतिका लागि योग्य रहेको देखाइएको थियो । दुईपटकको समीक्षामा कुनै मुलुकको योग्यता पुगे उसलाई स्तरोन्नति गर्ने सिडिपीको नियम छ । यसअघि पनि नेपालले आफू स्तरोन्नतिका लागि तयार नभएको भन्दै समयावधि पछि सारिदिन सिडिपीलाई पत्राचार गरेको थियो । हाल आएर फेरि सोही अवस्था दोहोरिने देखिएको छ । किनकी नेकां र माओवादी केन्द्रको सत्ता गठबन्धन बनेपछि नेपाललाई आर्थिक, सामाजिक र राजनीतिक रुपमा समेत अलग थलग बनाउने कामहरु भएका छन् । नेपालले गत आबमा एक वर्षमै साढे १४ खर्बको व्यापार घाटा व्यहोरेको छ । गत आर्थिक वर्षमा नेपालले भारतमा करिब एक खर्ब छ अर्ब बराबरको निर्यात गर्दा भारतबाट १० खर्ब २७ अर्ब ८४ करोड रुपैयाँको आयात गरेको छ ।

यसरी भारतसँगको व्यापार घाटामात्रै नौ खर्ब २१ अर्ब रहेको छ । नेपालको आन्तरिक र बाह्यगरी झण्डै २३ खर्बभन्दा बढी ऋण पुगेको छ । यो वर्ष गत असोजसम्ममै सरकारले ९७ अर्ब ३१ करोड रुपैयाँ आन्तरिक ऋण लिइसकेको छ । त्यसैगरी, नौअर्ब ४७ करोड बाह्य ऋण लिइएको तथ्यांक छ । सरकारको आम्दानीभन्दा खर्चको भार बढ्दै गएपछि सार्वजनिक ऋण तीव्र गतिमा उकालो लागेको देखिन्छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आबको पहिलो तीन महिना (साउन–असोज) मा सरकारले खर्च चलाउन एकखर्ब छ अर्ब ७८ करोड रुपैयाँ ऋण लिएको छ । रोजगारीको स्तर अत्यन्त न्युन छ । धनी र गरिव बिचको दुरी बढ्दो छ । विकासका लागिभन्दा बिभिन्न राजनीतिक पार्टीका कार्यकर्ता पाल्नका लागि देशको ५० प्रतिशतभन्दा बढी रकम अनुत्पादक क्षेत्रमा खर्च हुनथालेको छ । नेपालको संघीयतासहितको राजनीतिक ब्यवस्था जोगाउन युरोपियन यूनियनलगायतले ऋण सहयोग गरिरहेको अवस्था छ । अल्पविकसित मुलुकबाट स्तरोन्नति हुन चाहिने तीनमध्ये दुई शर्त पूरा भएको भन्ने गरिए पनि नेपाल प्रतिव्यक्ति कूल राष्ट्रिय आयमा अझै पनि पछाडि नै रहेको छ । नेपालीको आय वृद्धि गर्ने कार्य अझैपनि चुनौतीपूर्ण नै छ । सन् २०२६ भित्र नेपालले आफ्ना विकास र व्यापारका साझेदारहरुसँगको सहकार्यमा रणनीतिक, नीतिगत एवं प्रक्रियागत सुधार गर्ने संभावनाहरु कम देखिन्छन् । लगानीका निम्ति उपयुक्त वातावरण निर्माण हुनसकेको छैन ।

बरु पूँजी पलायन बढ्दो छ । यस्तो अवस्थामा नेपालले विकासशील राष्ट्रमा स्तरोन्नति गरेको खण्डमा हाल अल्पविकसित मुलुककारुपमा पाइआएका धेरै व्यापारिक तथा अन्य छुट, सुविधा र अनुदानहरु पाउनबाट बञ्चित हुनुपर्ने छ । आर्थिक मापदण्डनै पूरानगरी हतारमा विकासशील राष्ट्रमा जाँदा नेपाल थप समस्यामा पर्ने देखिएको छ । हाल विश्वका धनी देशहरुले आफ्नो जिडीपीको ०.७ प्रतिशत रकम गरिब मुलुकहरुलाई दिँदैआएका छन् । जुन सहयोग नेपालले पनि प्राप्त गरेको छ । सन् २०१८ मै नेपालले आर्थिक सूचकांक पनि भेट्टाउने भन्दै स्तरोन्नति गर्नका लागि संयुक्त राष्ट्रसंघलाई पत्राचार पनि गरेको थियो । तर त्यो शर्त पूरा गरिरहेको छैन । हालैको राष्ट्रसंघका महासचिवको नेपाल भ्रमणकाक्रममा पनि प्रधानमन्त्री पुष्पकमल दाहालले पटक, पटक नेपाललाई आर्थिक सहयोग बढाउन अनुरोध गर्नुभएको देखिएको थियो । गत साउन यता तीन महिनाकै अवधीमा अन्तर्राष्ट्रिय ऋण तथा सहयोग जुटाउन भन्दै अर्थमन्त्री डा. प्रकाशशरण महतले झण्डै आधा दर्जन विदेश भ्रमणहरु गरिसक्नु भएको छभने स्वदेशमा नेपाल राष्ट्रबैंकमार्फत आन्तरिक ऋण उठाउने कार्यलाई तीब्रता दिइएको छ ।

बर्तमान सरकारले मुठि फुकाएर फजुल खर्च गरिरहेको देखिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहाल आफै तेश्रो पटक प्रम भएपछि करिव १० महिनाको अवधिमा एक महिना विदेशमा बिताउनु भएको छ । अन्य मन्त्री र पदाधिकारीहरुको विदेश भ्रमणको सूची हेरेको खण्डमा कहाली लाग्दो छ । चालु आर्थिक वर्षको तीन महिना नपुग्दै परराष्ट्र मन्त्रालयको बजेट झण्डै आधा ( विनियोजित बजेटको ४६.१३ प्रतिशत ) खर्च भैसकेको तथ्यांक बाहिर आएको छ । त्यसैले नेपालले विकासशील देशमा स्तरोन्नति हुन आर्थिक विकासको प्रावधान पूरा गर्ने कुनैपनि संभावना रहेको छैन ।

दुईवटा सूचकमा नेपाल उत्तीर्ण भएको भनिएपनि प्रतिव्यक्ति आम्दानीको विषयमा भने नेपाल धेरै पछाडि रहेको छ । जसका लागि नेपालले प्रतिब्यक्ति आय एक हजार २३० डलर देखाउनुपर्ने हुन्छ । तर नेपालीहरु पछिल्लो समयमा प्रतिब्यक्ति ऋणनै झण्डै ६० हजारको हाराहारीमा पुगेका छन् । विकासशील मुलुकमा स्तरोन्नति हुन हाम्रो आर्थिक बृद्धिदर उच्च हुनुपर्छ । त्यसमा दिगोपन पनि हुनुपर्छ । सामाजिक विकास, समावेशी र सन्तुलित आर्थिक विकास हुनुपर्छ । त्यसरी भएको विकास वातावरणमैत्री पनि हुनुपर्छ र बिभिन्न बर्गबिच देखिएको आयको असमानता बढ्नु हुँदैन । तर नेपालका उपरोक्त प्रावधानहरुमा नकारात्मक संकेतहरु रहेका छन् । प्रतिव्यक्ति आय बढाउन दिगो आर्थिक वृद्धि हाशिल गर्नुपर्ने हुन्छ । जसका लागि राजनीतिक स्थायित्व र पूर्वाधारमा लगानी गर्नुपर्ने हुन्छ । रोजगारी सिर्जनाका लागि नयाँ नयाँ उद्योगहरु खोल्नुपर्ने हुन्छ ।

नेपाल पछिल्लो समयमा आयातमा पूर्णनिर्भर रहेको छ । त्यसैले निर्यात बढाउने वातावरण बनाउनुपर्ने हुन्छ । तर तत्कालको अवस्थामा नेपाली उत्पादन र उत्पादकत्व बढाउन सकिने अवस्थाहरु रहेका छैनन् । नेपालले छिमेकी भारतसँग थालेको जलविद्युतको ब्यापारमा अन्योलताहरु बढिरहेका छन् । नेपाल आफै पूर्णत लोडसेडिङमुक्त हुन सकेको छैन । कतिपय गाउँहरु अझै अन्धकारमा छन् । नेपालसँग ३६ लाख ४१ हजार हेक्टर जमिन छ । तर त्यसको सदुपयोग हुनसकेको छैन । भैरहेका खेतीयोग्य जमिन बाँझिनेक्रम बढ्दो छ । हाल सरकारी तथ्यांकले नै ३३ प्रतिशतभन्दा बढी जमिन बाँझो रहेको देखाएको छ । हामीले विकासशील देशमा स्तरोन्नतिका लागि तीन गुणा खेती बढाउनुपर्ने हुन्छ ।

नेपालको हालको अवस्था सम्पन्नताभन्दा बिपन्नतातर्फ गएको देखिएको छ । कुनै बेला हरियो बन नेपालको धन भन्ने गरिन्थ्यो । तर ०६३ पछि बन फडानी तीब्र भएको छ । नेपालको बनबाट सरकार र जनतालेभन्दा तस्करहरुले बढी फाइदा लिइरहेका छन् । नेपालमा रहेको युरेनियम, तामा, फलाम, खनिजहरु उत्खनन गर्ने विषयमा आधारसमेत तयार गरिएको छैन । यहाँको प्राकृतिक श्रोतमा भारत र अमेरिका लगायतको आँखा बढेको छ । बर्तमान सरकार उनीहरुबाटै आश्रित भएकाले नेपालको प्राकृतिक श्रोतको भण्डार संकटमा परेको छ । नेपालले ०६३ को परिवर्तनपछि जल, जंगल र जमिनको उपयोगलाई बिवादमा पारेको छ । जसको नियन्त्रण केन्द्र सरकारको हातमा रहनुपर्नेमा स्थानीयकरण गरेर सखाव बनाउँदै लगिएको छ । कल कारखानाहरु प्रायः बन्द छन् । बिद्यालय र महाँ बिद्यालयहरु पनि संकटमा पर्दैगएका छन् ।

राष्ट्रसंघले सन् २०२४ मा फेरी नेपालको स्तरबृद्धिको तयारीबारे समीक्षा गर्दैछ । यहाँको बिग्रदो राजनीतिक अवस्था, बिभिन्न नीतिगत अन्योलताहरु तथा लगानीको वातावरण नभएका कारणले फेरि अतिकम विकसित देशमै जाने संभावना छ । त्यस्तो अवस्था आयोभने अन्तराष्ट्रिय क्षेत्रमा नेपालको छबि धेरै धुमिल हुन्छ । हाल जो सत्ता र शक्तिमा रहेका छन्, उनीहरुका लागि जताततै हरियाली र सुशासन देखिएको होला । तर सत्ताबाहिर रहेका र खासगरी सर्बसाधारणका लागि देश बर्वादीतर्फ गैरहेको देखिएको छ ।

०७९ मंसिर चारको निर्वाचनले दिएको जनादेश बिपरित गठन भएको सरकार छ । देशको विकासका लागिभन्दा उसको प्रयास जसरी पनि सत्ता जोगाउनेमै केन्द्रित रहेको छ । ०५२ मा माओवादीले खास आधार नबन्दै देशलाई जनयुद्धमा धकेल्दा देशले ठुलो आर्थिक र राजनीतिक दुर्घटना ब्यहोर्नु परेको थियो । जसलाई ०६२ मा भारतको दिल्लीमा लगेर बिसर्जन गरियो । ०६३ पछि संघीयता, जातीय समाबेशी र समानुपातिक निर्वाचनसहितको राजनीतिक ब्यवस्थामा देशलाई धकेल्दा हालको जस्तो आर्थिक, सामाजिक र राजनीतिक अस्तब्यस्तता सिर्जना भएको छ । यो राजनीतिक ब्यवस्था पनि दुर्घटनाउन्मुख देखिन्छ । त्यसैगरी निश्चित आधार तयार नहुँदै सही तथ्यांक नभएर मिथ्यांकहरुका आधारमा देशलाई अल्पविकसितबाट विकासशील मुलुक भएको घोषणागर्दा हाल प्राप्तभैरहेका थोरबहुत सहयोगहरु पनि रोकिएर अर्को दुर्घटनामा पर्ने अवस्था आउन सक्छ । नेकां र माओवादी केन्द्रले किन यसरी देशलाई निरन्तर बिथोलेर बिघटनमा पुऱ्याउने प्रयास गरिरहेका छन् ? त्योभने सबैका लागि चिन्ताको बिषय भएको छ ।

# बुढ्यौलीको साहारा : केयर होम

**कामकाजी छोराछोरी भएको घरका अथवा परिवार विदेश भएका घरको ज्येष्ठ नागरिकहरूलाई भरपर्दो, विश्वासिलो सहयोगी पाउन मुस्किल भएको कारण केयर होम खोजिरहेका हुन्छन् । तर समाजमा वृद्धावस्था बारे नकारात्मक धारणा हटाउने, वृद्धहरूलाई समाजका हितमा सक्रिय बनाउन र उनीहरूमा रहेको असीम ज्ञान र अनुभवबाट समाजले फाइदा लिन जान्नु पर्दछ ।**



बिष्णु गिरी 'निश्चल'

जीवनमा धेरै कुराहरू पाउन असाध्यै मेहनत गर्नुपर्छ । तर बुढ्यौली भने बिनाकुनै मेहनत आइहाल्छ । बुढ्यौली बढ्दै गएपछि मानिसको शरीरमा तागत घट्न थाल्छ । बिस्तारै रोग प्रतिरोधात्मक शक्ति पनि कमजोर हुन थाल्छ । शरीर कमजोर हुँदै गएपछि आफ्नो काम पनि आफैं गर्न सक्ने अवस्था हुँदैन । उठ्न बस्न समेत सहयोगको आवश्यकता पर्ने सम्भावना हुन्छ । त्यस्तो बेला हेरविचार गर्नको लागि एक व्यक्ति हरदम साथमा हुनुपर्ने हुन्छ ।

घर परिवारको व्यक्तिले हरदम समय दिन सक्ने सम्भावना कम हुन्छ । त्यसैले विश्वासिलो व्यक्तिको खोजी हुन्छ । तर आजभोलि सहयोगी अथवा विश्वासिलो सहयोगी पाउन मुश्किल हुन्छ । विशेषगरी कामकाजी छोराछोरी भएको घरका अथवा परिवार विदेश भएका घरको ज्येष्ठ नागरिकहरूलाई भरपर्दो, विश्वासिलो सहयोगी पाउन मुस्किल भएको कारण केयर होम खोजिरहेका हुन्छन् । केयर होमले बुढेसकालमा घरमा कोही नआउने चिन्ता घटाउँछ । यही आवश्यकतालाई मध्यनगर गर्दै निजी स्तरमा केयर होमजस्ता कार्यक्रम सञ्चालन भइरहेका छन् । त्यस्ता व्यक्ति अथवा परिवारको समस्या समाधान गर्नको लागि अहिले शहरी क्षेत्रमा प्राईभेट केयर होम संञ्चालनमा रहेको पाईन्छ ।

केयर होमले ज्येष्ठ नागरिकलाई मात्रै नभएर परिवारलाई नै राहत मिलेको छ । वृद्धवृद्धा उमेरमा हरदम सहयोगी आवश्यक पर्छ । बोल्ने अथवा गफ गरिदिने मान्छे हुनपर्छ । युवा अवस्थामा जस्तो साथीहरूसँग घुम्न जाने अथवा फोनमा कुरा गर्ने पनि हुँदैन त्यसैले यस्तो केयर सेन्टरले ठुलो राहत दिने गर्दछ । घर परिवारको व्यक्तिले हरदम समय दिन सक्ने सम्भावना कम हुन्छ । त्यसैले विश्वाविसलो व्यक्तिको खोजी हुन्छ । तर आजभोलि सहयोगी अथवा विश्वासिलो सहयोगी पाउन मुश्किल हुन्छ । विशेषगरी कामकाजी छोराछोरी भएको घरका अथवा परिवार विदेश भएका घरको ज्येष्ठ नागरिकहरूलाई भरपर्दो, विश्वासिलो सहयोगी पाउन मुस्किल भएका कारण केयर होम खोजिरहेका हुन्छन् । ज्येष्ठ नागरिक लक्षित खुल्ने केयर होमहरूले एकल परिवारको लागि धेरै सहयोग पुगेको छ । दैनिकी धान्नको लागि कमाई गर्नुपर्ने बाध्यता हुन्छ । त्यस्तो अवस्थामा घरमा भएका ज्येष्ठ नागरिकलाई समय दिएर हेरबिचार गर्ने, उनीहरूसँग बसेर गफ गरिरहने, अस्पताल ल्याउने लाने गर्न मुशिकल हुन्छ । त्यसैले यस्ता केयर होमले फाईदा पुगेको छ ।

पहिला आफन्त अथवा कोही विश्वासिलो व्यक्ति खोजेर साथी राखिदिने प्रचलन थियो । सन्तान नभएका र छोराछोरी बाहिर भएका व्यक्तिहरूले आम्दानीको केही प्रतिशत केयर होमको लागि बचत गर्ने थालेको केही अध्ययनहरुले देखाएको छ । ज्येष्ठ नागरिकको शरीर एकदमै नाजुक हुन्छ । एकदम ख्याल गर्नुपर्ने हुन्छ । अलिकति खुट्टा चिप्ल्यो भने भाँचिन सक्छ,त्यसैले पनि केयर होममा प्राईमरी उपचारका सामग्री राख्नु पर्छ । पछिल्लो समयमा डिप्रेसनले बृद्धा अवस्थामा असर पार्ने गरेको छ । उदासीनपना वयस्कहरुको लागि एक साधारण समस्या हो तर यो बृद्धहरुको लागि भने सामान्य भने होईन । अध्ययनहरुका अनुसार उमेर बढ्दै जादाँ विभिन्न प्रकारका रोगहरुले च्याप्दै जाने, एक्लै बस्न पर्ने लगायत विभिन्न औषधिको साइड ईफेक्टले गर्दा र उमेर बढ्दै गएपछि असुरक्षित महसुस हुने, विभिन्न प्रकारका तनाव, र उदासीनताको कारणले गर्दा डिप्रेसन हुनजान्छ ।

बुढ्यौली (एजिंग) लाई नेपालीमा प्रौढता, वृद्धत्व वा जरावस्था भनिन्छ । बुढ्यौलीले बूढोहुने अवस्था वा बृद्ध उमेरमा प्रवेश गर्ने अवस्थालाई जनाउछ । बुढ्यौली मानव जीवनचक्र अन्तिम अबस्था हो । यो प्रकृतिप्रदत्त नियम हो । शारीरिक कमजोरी हुने मान्छेले पहिलेको जस्तो फूर्तिका साथ हिँड्न, समाउन, सुन्न र देख्न पनि सक्दैन । यसैलाई बुढ्यौली लागेको भनिन्छ । यस्ता अवस्थामा बिशेष गरी शहरी ज्येष्ठ नागरिकहरूले स्याहार पाउन सकेका छन् । यतिमात्र हैन शारीरिक परिवर्तनको आधारमा वृद्धत्व अनुभव हुन सक्छ । जस्तै ऐनामा कपाल फुलेको वा निधार चाउरिएको देखेर वृद्धावस्था अनुभव हुन सक्छ । वृद्धत्वको एउटा पहिचान हो सक्रियतामा कमी । बालकहरूको स्वभाव नै चंचले हो । युवा अवस्थामा सक्रियता रहन्छ तर वृद्धावस्थामा निष्क्रियता बढ्छ । समाजमा वृद्धावस्था बारे नकारात्मक धारणा हटाउने, वृद्धहरूलाई समाजका हितमा सक्रिय बनाउन र उनीहरूमा रहेको असीम ज्ञान र अनुभवबाट समाजले फाइदा लिन समाजले जान्नु पर्दछ ।

*(लेखक अधिवक्ता हुन्)*

# आमूल परिवर्तन संभव छ तर छाडा समाजलाई नियन्त्रणमा लिन कठिन छ



गोविन्द अधिकारी

कसैले नेपाललाई सिंगापुर बनाउने स्वप्न देखाए भने कसैले स्विटजरल्याण्ड बनाउने डिङ हाँके। त्यसो त समृद्ध नेपाल सुखी नेपालीको नारा पनि लगाइएकै हो । तर अन्तत देशकै राष्ट्रिय ढुकुटी रित्याउनलाई अलमलाउन मात्र त्यस्ता नारा लगाइएको रहेछ। यतिबेला राष्ट्रिय गौरवको आयोजनाको गुडिड हाँक्नेहरुले डिभिजन सडक कार्यालयहरुलाई समेत रकम निकासा गर्ने सामर्थ्य राखिरहेका छैनन् । नेपालमा हुने हरेक चर्चा मात्र सार्थक हुने गरेका छन् । चर्चाकै क्रममा यतिबेला पुस माघपछाडि सरकार कर्मचारीलाई तलब खुवाउन समेत सक्दैन भन्ने चर्चा चलेको छ। विकास निर्माणका कामहरु ठप्प पार्ने निर्लज्ज सरकारले तलबसमेत नखुवाउन सक्छ। हुन त काम पनि छैन माम पनि छैन भनेर छुटकारा लिन पनि बेर छैन।

तैपनि सास छउँन्जेल आश हुन्छ भनिन्छ । हठवादीहरुलाई सेना र प्रहरी दमनकै भरमा शासन सत्तालाई निरन्तरता दिन सकिन्छ भन्ने विश्वाससमेत लागेको छ । अब पनि यिनीहरुले नै शासन सत्तामा निरन्तरता पाइरहने हो भने त देशकै अस्तित्व मेटिन सक्छ। तर नेपाली जनता यसरी जागिसकेका छन्। अब यिनीहरुलाई शासन सत्तामा ढिम्किन पनि नदिने निष्कर्षमा पुगिसकेका छन् । धरानदेखि नेपालगञ्जसम्मका र इन्द्रजात्रादेखि विजया दशमीको टिकासम्मका क्षणहरुमा घटेका घटनाहरुका आधारमा भन्ने हो भने दश दलीय गठबन्धन र प्रमुख प्रतिपक्ष एमालेले जनतासमक्ष आत्म समर्पण गरिदिनु नै बुद्धिमतापुर्ण ठहर्ने देखिन्छ।

नेपानलमा एउटा महारोग पनि छ । आफु सत्तामा रहुन्जेल सबै बनिबनाउ देख्ने र सत्ता र पदबाट आफु हटेपछि सबै भताभुङ्ग र लाथालिङ्ग देख्ने महारोगले राजनीतिक नेतृत्व मात्र होइन प्रशासनिक नेतृत्व पनि ग्रस्त छ।

हालसालै अवकाश प्राप्त सचिव शारदाप्रसाद त्रितालले त्यस्तै चरित्र देखाएका छन् । गत शुभ विजया दशमीको अवसरमा उनी जहाँ जहाँ पुगे त्यहाँ त्यहाँ सडक भताभुङ्ग र लाथालिङ्ग देखेछन् र सडक विभागलाई गैरजिम्मेवार भन्ने आरोप लगाएका छन् । उनको मात्र होईन धेरैको त्यस्तै सोच पाइन्छ।

नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रले पञ्चायतकाल तथा राजतन्त्रकालले देशको विकासलाई ३० वर्ष पछाडि धकेलिदियो भन्ने आरोप लगाएका थिए । यतिबेला आफ्नै शासन कालमा देशलाई विकासको दृष्टिकोणले ९० वर्ष पछाडि धकेलेको अत्तोपत्तो छैन । आफ्नो आङको भैंसी नदेख्ने अर्काको आङको जुम्रा देख्ने भन्ने उखान त्यतिकै चलेको होईन । हिजो लगभग तीन दशक अगाडि चप्पल लगाएर सिंहदरबार पस्नले अकुत सम्पत्ति कमाए भने बाह्र पुस्ता बिताएका राजाले सम्पत्ति कमाए भनेर डाहा गर्नुपर्ने आवाश्यकता नै परेन । बरु राजाको सम्पत्ति ट्रष्टमा राखेजस्तै यिनीहरुको सम्पत्ति पनि ट्रष्टमा राखिन्छ कि राखिंदैन भन्नु पो परेको छ।

२०४६ सालको जनआन्दोलनताका राजा विरेन्द्रले विदेशमा टापु किने र पम्फादेवीले स्विस बैंकमा अर्बौं जम्मा गरेकी छन् भन्नेहरु यतिबेला स्वदेश लुटेर विदेशी बैक भरेका छन्। पम्फादेवीको स्विस बैंकमा भएको पैसा त यिनीहरुले स्वदेश भित्र्याउन सकेनन । अब यिनीहरुले विदेशमा थन्क्याएको धन आगामी शासकले स्वदेश भित्र्याउने हिम्मत गर्छन कि गर्दैनन् त्यो भने हेर्न बाँकी नै छ । यतिबेला भ्रष्टाचारीहरुलाई कारबाही गर्दा नारायणकाजी श्रेष्ठ बेबकुफ भए। अबका शासकले भ्रष्टाचारीलाई कारबाही गर्दा जनताले त पक्कै पनि बेबकुफ भन्छन जस्तो लाग्दैन।

वास्तवमा राणा शासनको १ सय ४ वर्ष घटाउँने हो भने २००७ सालदेखि २०४६ सालसम्मको अवधि ३९ वर्षको मात्र हुन्छ। तैपनि ३९ वर्षको राजाको शासनलाई २ सय ५० वर्षमा राजतन्त्रले नाप्यो भन्ने नक्चराहरु पनि छन् । लगभग साँढे तीन दशक शासन चलाउँदा वर्तमान शासकहरुले चाहिं के लछ्रारे भन्ने प्रश्न भावी पुस्ताले गर्न पाउने कि नपाउँने ? ईँटाले हान्नेलाई पत्थरले जवाफ दिने हो भने नेपालीले यो प्रश्न गर्नै पर्छ।

काठमाडौंका अन्तिम राजा जयप्रकाश मल्लले कर्मचारीलाई तलब दिन नसकेको हुनाले मन्दिरका गजुर बेचे भनिन्छ । यिनीहरुले त स्थापित उद्योगधन्दा, कलकारखाना र नदीनाला पहिल्यै बेचिसकेका छन् । तेत्तिले मात्र नपुगेर तीन अर्ब डलरमा नेपालको सनातनधर्म, संस्कार र संस्कृति बेच्न संविधानमा धर्म निरपेक्ष राज्यको प्रावधानसमेत राखे । राज्यले जनताको समुन्नति गर्नुपर्नेमा जनताले शासकहरुको समुन्नति गराएको क्षण चाहिँ पछिल्लो साँढे तीन दशक नै हो। आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनका नाममा जनशक्ति निर्यात गरेर रेमिट्यान्समा गर्व गर्ने शासकहरु पनि यिनीहरु नै हुन । वैदेशिक रोजगारीमा जानेहरुले नै यिनीहरुको पालन पोषणसमेत गरे।

हुन त यिनीहरुलाई नेपाली जनताप्रति विश्वास नै छैन । यिनीहरुको विश्वास त माफिया, तस्कर र विदेशी शक्तिहरुमा मात्र छ। स्वदेशीका नाममा यिनीहरुको विश्वास सेना र प्रहरीमा मात्र छ । किनभने सेना र प्रहरीले जस्तो आत्मा बेच्न नेपाली जनताले सक्दैनन् । देश र जनताको यस्तो बेहाल हुँदा समेत यिनै भ्रष्टहरुको आदेश पालना गरेर लाठीमुङ्ग्री गर्ने सेना र प्रहरीले आत्मा बेचेकै भन्नु पर्छ। जनताको मत पाएर सत्तामा पुग्नेहरुले देश र जनता लुटे र जनताको करको तलब भत्ता खाएर बाँचेका सेना प्रहरीले लुटेराकै आदेशमा जनतामाथि लाठी प्रहार गर्ने र गोली बर्साउने काम गरिरहेका छन। निश्चय नै नैतिकवान विवेकी र इमानदार शासकको हातमा सत्ता पर्‍यो भने खर्बौंको ऋण र घाटाको क्षतिपूर्ति त गर्ला । तर जस्तोसुकै नैतिकवान विवेकी र इमानदार शासकलाई पनि बिग्रिएको समाजको चरित्र सुधार्न निकै कठिन छ । अनुशासनहीन र अनियन्त्रित समाजलाई नियन्त्रणमा लिन त संवैधानिक राजा होईन सद्दाम हुसेन जस्तै राष्ट्रवादी तर निरंकुश शासककै आवश्यकता पर्छ। तर त्यसतो शासकलाई छाडा समाजले स्विकार्ला ?

# तीन वटा नयाँ केबलकारको निर्माण गर्दै चन्द्र ढकाल



नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कास्कीको सिक्लेस, ताप्लेजुङको पाथिभरा र कर्णाली चिसापानीको जालपादेवी मन्दिरमा केबलकार बनाउने भएका छन् । आइएमई ग्रुपका अध्यक्ष समेत रहेका ढकालको नेतृत्वमा यस अघि नै चन्द्रागिरी केबलकार मौलाकालीका केबलकार र लुम्बिनी केबलकार निर्माण सम्पन्न भई सञ्चालनमा छन्। सात प्रदेशमा एक एक वटा केबलकार निर्माण गर्ने घोषणा गरेका ढकालले तत्कालै तीन वटा नयाँ परियोजना अघि बढाउने बताएका हुन्।

अर्थमन्त्री डा.प्रकाश शरण महतसँगै बेलायत पुगेका महासंघ अध्यक्ष ढकालले तीन वटा केबलकार परियोजनामा लगानी गर्न गैर आवासीय नेपालीहरुलाई आग्रह पनि गरे। बेलायत स्थित गैर आवासीय नेपालीको समेत लगानीमा चन्द्रागिरि हिल्स तथा केबलकार सञ्चालनमा ल्याएको चन्द्रागिरि हिल्स नेपालकै आकर्षक पर्यटन गन्तव्य बनेको र उच्च प्रतिफल दिएको उदाहरण प्रस्तुत गर्दै अध्यक्ष ढकालले लगानी बढाउन हिचकिचाउनु पर्ने कारण नरहेको बताए। सातै प्रदेशमा चन्द्रागिरि जस्तै हिल स्टेसन सहितका केबलकार परियोजना अघि बढाएको उल्लेख गर्दै उनले आफू जन्मे हुर्केको प्रदेशमा रहेका पर्यटकीय पूर्वाधार परियोजनामा लगानी गर्न पनि गैर आवसीय नेपालीहरूलाई आग्रह गरे।


# सम्पादक बास्तोलालाई पितृशोक



काठमाडौं। रहस्य साप्ताहिक तथा रहस्य खबर डट कमका सम्पादक, अर्थ सवाल साप्ताहिका सभेक्षुक तथा नेपाल पत्रकार महासंघ काठमाडौ शाखा सदस्य र उपत्यका प्रदेश पार्षद मुक्ति बास्तोलालाई पितृशोक परेको छ।

बास्तोलाका पिता जनकलाल बास्तोलाको मंगलबार सांझ आफ्नै निवास नेचासल्यान-३ भदौरे सोलुखुम्बुमा निधन भएको हो। ९० वर्षीय बास्तोला चारदिन अघिदेखि अस्वस्थ थिए। उनको बुधबार अन्त्यष्टि गरिएको छ। स्वर्गीय बास्तोलाका २ छोरा र ३ छोरी छन्।

# एभरेस्ट बैंकका संस्थापक श्रेष्ठको निधन



एभरेष्ट बैंक लिमिटेडका संस्थापक एवं सञ्चालक समितिका अध्यक्ष विष्णुकृष्ण श्रेष्ठको निधन भएको छ। ९४ वर्षीय श्रेष्ठको गत ६ कात्तिकमा मेडिसिटी अस्तालमा उपचारका क्रममा निधन भएको हो। श्रेष्ठको अन्त्येष्टि उनकै इच्छाबमोजिम एभरेष्ट बैंकको सहयोगमा पशुपतिमा सञ्चालनमा रहेको कम दाउराले शव जलाइने प्रविधिमा आधारित वुडन क्रिमेटरीमा ७ कात्तिकमा सम्पन्न भएको बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले जानकारी दिए।

'स्वर्गीय श्रेष्ठको कुशल नेतृत्व एवं अभिभावकत्वमा एभरेष्ट बैंकले उदाहरणीय प्रगति गर्दै आफूलाई दिगो, दरिलो र विश्वासिलो बैंकका रूपमा स्थापित गर्न सफल भएको विदितै छ,' उनले भने, 'यस दुःखद घडीमा सान्त्वना प्रदान गर्ने सबैमा धन्यवाद वक्त गर्दै, शोकाकुल श्रेष्ठ परिवारमा हार्दिक समवेदना व्यक्त गर्दछौं।'

चामे गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
मनाङ, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।

बेनी नगरपालिका
गाउँ कार्यापालिकाको कार्यालय
म्याग्दी, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।

कुश्मा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पर्वत, गण्डकी प्रदेश, नेपाल

सूचना ! सूचना !! सूचना !!!

व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद) जस्ता घटना समयमै दर्ता गरौं।

- बालविवाहलाई निरुत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं/गराउन पहल गरौं।
- सार्वजनिक जग्गामा घर/टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- लैगिक हिंसाविरुद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- दुर्व्यसनीबाट बचौं र बचाऔं।
- अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

विकास निर्माण कार्यमा जनसहभागिता जुटाऔं।

## नबिल बैंक र ग्रन्थ इलेक्ट्रिक भेहिकलबिच सम्झौता



काठमाडौं । ग्रन्थ इलेक्ट्रिक भेहिकल प्रालि (एफ डि मोर्टर्स) र नबिल बैंकबीच सहज कर्जाका लागि सम्झौता भएको छ। सो सम्झौता अनुसार एफ डि मोर्टर्स ब्राण्डका इलेक्ट्रिक स्कुटर किन्न चाहने ग्राहकले सरल र सहज रुपमा क्रेडिट कार्डमार्फत कर्जा सुबिधा पाउनेछन् । जसअन्र्तगत ग्राहकले एफ डि मोटर्सका सोरुममा प्रक्रिया पूरा गरेर स्कुटर खरीद गर्न सक्नेछन् ।

एफ डि मोटर्सले हाल दुई वटा मोडेलको इलेक्ट्रिक स्कुटर बिक्री गर्दै आएको छ । जसमा एफ फाइबको मूल्य दुई लाख ६१ हजार ९९९ र एफ फाइब एको मूल्य दुई लाख ९७ हजार ९९९ रहेको छ। छिटै ग्रन्थ ई भीले एफ फाइब प्रो र एफ फाइब ए प्रो बिक्रीका लागि ल्याउने जनाएको छ।

## सांग्रिला डेभलपमेन्ट बैंकको १९औं वार्षिकोत्सव




काठमाडौं । सांग्रिला डेभलपमेन्ट बैंकले आफ्नो १९ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमका साथ सम्पन्न गरेको छ । बैंकले टुँडालदेवी मन्दिर परिसरको सरसफाई गरी वार्षिकोत्सव कार्यक्रमको सुरुवात गरेको थियो । उक्त सरसफाई कार्यक्रममा बैंकका कर्मचारीहरु तथा सामुदायिक प्रहरी सेवा केन्द्र, टुँडालदेवी काठमाडौंको उत्साहपूर्ण सहभागीता रहेको थियो । मन्दिर परिसरको सरसफाई पश्चात बैंकको केन्द्रीय कार्यालय बालुवाटार काठमाडौंकै प्रांगणमा एक कार्यक्रमको आयोजनामा आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत तिलगंगा आखा अस्पताललाई २ लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराइएको थियो ।

वार्षिकोत्सव कार्यक्रममा बैंकका अध्यक्ष उज्ज्वल सत्याललगायत बैंकका सञ्चालकहरु तथा तिलगंगा आँखा अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङको समेत उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा आफ्नो मतन्तव्य व्यक्त गर्दै अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा. रिता गुरुङले अस्पतालले प्राप्त गरेको सो रकमको उच्च सदुपयोग हुने विचार व्यक्त गर्दै बैंकलाई धन्यवाद दिईन् ।

## मंसिर ५ मा सिद्धार्थ बैंकको साधारण सभा

काठमाडौं । सिद्धार्थ  बैंकले मंसिर ५ गते मंगलबार वार्षिक साधारण सभा डाकेको छ। सभा आम्रपाली ब्यांकेट बालुवाटार काठमाडौंमा बिहान १० बजेदेखि सुरु हुने छ । सभाले सेयरधनीहरुलाई गत आर्थिक वर्षको नाफाबाट करसहित प्रस्ताव गरेको ४.२१ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने छ ।

साथै, अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरुसँग मर्जर अथवा एक्विजिशनसम्बन्धि कार्य गर्न तथा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्ताव रहेको छ । लेखापरीक्षक नियुक्त गर्नेलगायतका प्रस्तावहरु पनि उक्त सभाले पारित गर्नेछ । साधारण सभा प्रयोजनार्थ बैंकले कात्तिक २१ मा  एक दिनका लागि बुक क्लोज गर्ने भएको छ । कात्तिक २० सम्म कायम सेयरधनीले प्रस्तावित लाभांश र सभामा भाग लिन पाउने पनि बैंकले जनाएको छ ।

## स्ट्याण्डर्ड चार्टर्ड बैंकको लाभांश घोषणा




काठमाडौं । स्ट्याण्डर्ड चार्टर्ड बैंकले लाभांश घोषणा गरेको छ । आर्थिक वर्ष २०७९/०८० को खुद नाफाबाट सेयरधनीलाई चुक्तापुँजीको १९ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको हो ।

बैंकको सोमबार सम्पन्न सञ्चालक समितिको बैठकले कर प्रयोजनसहित नगद लाभांश दिने प्रस्ताव गरेको हो । उक्त प्रस्ताव नेपाल राष्ट्र बैंकबाट स्वीकृत भइ बैंकको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि सेयरधनीले लाभांश प्राप्त गर्नेछन् ।

## माछापुच्छ्रे क्यापिटलको चौथो साधारण सभा




काठमाडौं । माछापुच्छ्रे क्यापिटल लिमिटेडको चौथो वार्षिक साधारण सभा सोमबार सम्पन्न भएको छ। सञ्चालक समितिका अध्यक्ष विश्वम्भर न्यौपानेको सभापतित्व तथा बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोईरालाको आतिथ्यमा सम्पन्न भएको हो ।

सभाबाट सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.ब. २०७९र८० को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु, आ.व. २०८०र८१ का लागि लेखापरीक्षकको नियुक्तीलगायतका प्रस्तावहरु पारित भएका छन् । साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सक्रिय भूमिका निर्वाह गर्ने सेयरधनीप्रति कम्पनीका अध्यक्ष न्यौपानेले धन्यवाद व्यक्त गर्दै हाल कम्पनीले मूख्यगरी धितोपत्र प्रत्याभूति सेवा, लगानी व्यवस्थापन सेवा, संस्थागत परामर्श सेवा, निक्षेप सदस्य सेवा लगायतका सेवा प्रवाह गर्दै आएकोमा हाल सामुहिक लगानीकोष अन्तर्गत कोष व्यवस्थापक तथा डिपोजिटरीको लाइसन्सको प्रक्रिया अन्तिम चरणमा पुगेको र कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक लगायतका थप सेवाको लागि प्रक्रियार्थ रहेको बताए । कम्पनीले आगामी दिनमा पुँजी बजारको विकासमा अझ बढि टेवा पुग्ने गरी कार्य गर्नेमा पनि उनले जोड दिएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेस्टमेन्ट फण्ड र  तत्वबिच सम्झौता

काठमाडौं । ग्लोबल इक्विटी फण्ड, हिमालयन लाइफ इन्स्योरेन्स र हिमालयन एभरेष्ट इन्स्योरेन्सद्वारा संयुक्त रूपमा प्रवर्द्धन गरिएको नेपाल इन्फ्रास्ट्रक्चर्स इन्भेस्टमेन्ट फण्ड लिमिटेडले तत्व फार्म्समा लगानी गर्ने सम्झौता गरेको छ  । 'तत्व' फार्म्स कृषि प्रशोधन तथा खाद्य उत्पादन कम्पनी हो । हाल उक्त कम्पनीले उखु प्रशोधन गर्छ । 'तत्व' फार्म्स परम्परागत स्न्याक्स, चिप्स र रोस्टेड उत्पादनसहित धेरै खाद्य उत्पादनहरूमा विस्तार गर्ने प्रक्रियामा छ ।

एनआईआईएफबाट प्राप्त रकम तत्व फार्मको चिनी मिलको उत्पादन क्षमता अभिवृद्धि गर्न र अन्तर्राष्ट्रिय मापदण्डको खाद्य पदार्थ उत्पादन गर्न अत्याधुनिक प्रणाली लागू गर्न प्रयोग गरिनेछ । नयाँ परिष्कृत प्लान्टले नवलपरासी जिल्लाका स्थानीय सयौं किसानहरूबाट उखु प्रशोधन गर्ने र बाली भुक्तानी चक्र घटाउने अपेक्षा गरिएको छ ।




यस लगानीले वातावरणमा सकारात्मक प्रभाव सुनिश्चित गर्दछ र इकाईलाई यसको कार्बन फुटप्रिन्ट र उत्सर्जनलाई कम गर्न सक्षम पार्दै उद्योगबाट निस्कने सबै वेस्ट पदार्थहरूको खपत सुनिश्चित गर्दै वातावरणीय प्रभावलाई पनि कम गर्नेछ ।

## बीमालेख नवीकरणमा हिमालयन लाइफको छुट

काठमाडौं । हिमालयन लाइफ इन्स्योरेन्सले छुट सुविधा ल्याएको छ । कम्पनीले व्यतित बीमा लेखमा लाग्ने विलम्ब शुल्कमा छुट सुविधा ल्याएको जनाएको छ । कम्पनीबाट विभिन्न मितिमा बिमा गराई व्यतित भएका बिमा लेखहरू यही कात्तिक २२ सम्ममा नवीकरण पुनर्जागरण गर्दा बीमा शुल्कमा लाग्ने विलम्ब शुल्क ब्याज जरिवानामा छुट दिएको हो ।

